## राष्ट्रिय जनगणना २०७८ को मुल गणना कार्य सम्पन्न भएको सन्दर्भमा जारी गरिएको प्रेस विज्ञप्तीः

राष्ट्रिय जनगणना २०७८ को मुल गणना कार्य कार्तिक २५ देखि मंसिर ९ गतेसम्म सफलतापूर्वक सम्पन्न भएको छ । यो महाअभियानमा मुख्य गरी स्थानीय स्तर मै खटिएर दिन रात अथक प्रयास गरी विवरण संकलन गर्ने गणक तथा सुपरिवेक्षकहरु र गणनामा सहभागी भई आफ्नो सत्य तथ्य विवरण दिने उत्तरदाताहरुलाई नेपाल सरकारको तर्फवाट हामी हार्दिक धन्यवाद दिन चाहन्छौं। त्यसैगरी जनगणनाको व्यवस्थापन र गुणस्तर नियमनको लागि केन्द्र देखि स्थानीयस्तरसम्म कार्य गर्ने सम्पूर्ण कर्मचारीहरू, जनगणनाको प्रचार प्रसार तथा सचेतना, सहयोग र समन्वयका कार्य गर्ने सञ्चारकर्मी, विज्ञ समुह र राष्ट्रिय तथा अन्तरराष्ट्रिय संघ संस्था एवं जनगणनाका क्रियाकलापहरुमा प्रत्यक्ष वा परोक्षरूपले सहयोग गर्नु हुने सम्पूर्णमा हामी आभार सहित धन्यवाद व्यक्त गर्न चाहन्छौं।

कोभिड १९ को विश्वव्यापी महामारीले गर्दा पूर्वनिर्धारित समयभन्दा करिव ५ महिना ढिलो गरी सञ्चालन भएको यस बाह्रौं श्रृंखला सञ्चालन गर्दैगर्दा हामीले धेरै कुराहरू सिकेका छौं जसले हामीलाई आगामी गणना तथा सर्वेक्षणहरुमा पृष्ठपोषण दिनेछ। जनगणनामा डिजिटल प्रविधिको प्रयोग, सामुदायिक प्रश्नावलीबाट वडा तहसम्मको आधारभूत विवरण संकलन, विदेशस्थित कुटनैतिक नियोगमा इसेन्सस विधिवाट गणना, विवरण संकलनमा विगतको भन्दा एक तह माथिको शैक्षिक योग्यता भएका स्थानीय वेरोजगार यूवाहरूको संलग्नता, आदि यस पटकको जनगणनाका प्रमुख विशेषताहरु रहेका छन् । हामीले नेपालको भूभाग भित्रका तराई, पहाड र हिमालका सम्पूर्ण स्थानहरुको गणना सम्पन्न गरीसकेका छौं र केही विवादित क्षेत्रहरुमा कुटनैतिक पहल गरी छिटै गणना सम्पन्न गर्ने छौं।

हामी आउँदो पुस महिनादेखि विभागको डाटा सेन्टरमा जनगणनाको विवरण प्रशोधन शुरू गरी करिव ३ महिना पछि प्रारम्भिक नतिजा तथा १ वर्ष पछि क्रमशः अन्तिम नतिजा र अन्य विषयगत प्रतिवेदनहरु प्रकाशन गर्ने समय तालिकामा कार्यरत छौं। हामीले सञ्चालन गर्ने सबै प्रकारका गणना र सर्वेक्षणहरुमा सम्पूर्ण उत्तरदाताहरु र सरोकारवाला सबै व्यक्ति तथा संस्थाहरूबाट यस्तै सहयोग र समन्वयको अपेक्षा गरेका छौं।

जनगणनाका सन्दर्भमा अवलोकन गरिएका उल्लेखनीय बुँदाहरु तपिसल बमोजिम रहेका छन् ।
१. दोलखाको विगु गाउँपालिका वडा न १ चाइनाको बोर्डरमा रहेको लप्ची गाउँमा पुग्न ३ दिन लाग्ने र जंगलमा २ रात बास बस्नु परेको अवस्था रहेको। पहाडको ढुगांमा खोपेर बनाएको बाटोमा डोरीमा समातेर हिड्नु पर्ने रहेको ।

२. बाग्लुङ जिल्लाको ढोरपाटन न पा ९ मा कायत जातिको बसोबास रहेकोमा २०६८ सालको जनगणनामा उक्त जाति अलग रुपमा उल्लेख नभएको र हालको गणना उक्त जाति नआउने हो भने जनगणना भाग नलिने भनी केही समय जनगणना प्रभावित भएको थियो । जिल्ला जनगणना कार्यालयले सम्बन्धित समुदायसँग छलफल गरी समस्या समाधान गरेको र जनगणना सुचारू गरी सम्पन्न भएको छ। कायत जाति कायम गर्न विभागमा जानकारी गराउने मौखिक सहमति भएको ।

३. दार्चुला जिल्लाको ब्यास गाउँपालिका वडा न १ मा रहेका छाङरुङ र टिंकर बस्ति पुग्न नेपाल तर्फ बाटो नभएको र भारतको बाटो भएर एक दिनमा पुग्न सकिने भएकोले भारत सरकार स्थानीय प्रतिनिधि मार्फत उक्त क्षेत्रमा जान सहमति माग गर्दा पनि सहमति प्राप्त नभएकोले सहायक जनगणना अधिकारी खगेन्द्र कार्की सहित ३ जना उक्त स्थानमा हिड्ने क्रममा गणक हिड्न नसकेर बिच बाटोबाट फर्किएको र बाँकी २ जनाको टोली ३ दिन लगाएर उक्त क्षेत्रमा पुगि जनगणना सम्पन्न गरेको अवस्था रहेको । उनीहरुलाई सेनाको हेलिकप्टर मार्फत खलङ्गा ल्याउने कार्य भएको छ ।

४. गणकहरुले गलत विवरण टिपेको र विभिन्न अभियन्ताहरुले सामाजिक सञ्जाल तथा प्रत्यक्षरुपमा गलत प्रचार प्रसार र गणकलाई विवरण टिपाउन दवाव दिएको सम्बन्धमा विभागको गम्भिर ध्यानाकर्षण भएको र गणकले उत्तरदाताले भनेको विवरण टिप्न र अभियान्ताहरुले गलत प्रकारले दवाव नदिन प्रेस विज्ञप्ति मार्फत अनुरोध गरिएको थियो । यसै सन्दर्भमा आदिवासी जनजाती आयोगमा तथ्याङ्क संकलनका क्रममा उठेका विवादका सम्बन्धमा समेत छलफल भइ आयोगले सत्य तथ्य विवरण टिप्न टिपाउन अनुरोध गरेको थियो ।

५. सम्माननीय राष्ट्रपति, उपराष्ट्रपति, प्रधान मन्त्री, प्रतिनिधि सभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष एवं प्रमुख प्रतिपक्ष दलका नेता, मुख्यमन्त्री, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिकाहरु लगायत विभिन्न संघसंस्था हरुबाट पनि भिडियो अडियो सन्देश तथा प्रेस विज्ञप्ति सार्वजनिक भएका थिए । जनगणनाको अवधिमा विभिन्न समुदायले विभिन्न माध्यमद्वारा प्रचार प्रसार गरी जनगणनामा सही र सत्य विवरण टिपाउन अनुरोध भएको कार्य सहाननीय रहेको थियो ।

६. पत्रकारहरुले नियमितरुपमा विगत २ बर्ष देखि जनगणना सन्देश र विषयगतरुपमा प्रश्नावलीको महत्व लगायतमा नियमित स्टोरीहरु प्रकासन गरी आम सर्वसाधारणहरुलाई जनगणनामा भाग लिन उत्प्रेरित गरिएको कार्य निकै महत्वपूर्ण रहयो । हामी यस कार्यको उच्च प्रशंसा गर्न चाहान्छौ । यस्तो कार्यलाई लिपिबद्ध गर्न को लागि प्रचार प्रसारका बारेमा भएको सहयोगको एक प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने योजनामा छौ ।

७. जनगणना गर्ने क्रममा कैलाली जिल्लामा एक जना सुपरिवेक्षकको, धादिङ र रसुवा जिल्लाहरुमा क्रमशः एक एक जना गणकको मृत्यु भएको, ४ जना गणकलाई कुकुरले टोकेको र २ जना गणकको खुट्टा भाँचिएको अवस्था रहेको छ भने केही गणकलाई कोरोना भाइरसको संक्रमण समेत देखिएको थियो । मृतक प्रति सरकारको तर्फबाट हार्दिक श्रद्धान्जली र परिवारमा गहिरो समवेदना व्यक्त गर्न चाहान्छौं। दुर्घटनामा घाइते हुनु भएका व्यक्तिहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौं । निजहरुको लागि सरकारको तर्फबाट बीमा गरिएको र क्षतिपूर्तीको व्यवस्था बमोजिम सहजिकरणको कार्य भइरहेको छ।

८. घर तथा घरपरिवार सूचीकरण कार्यमा ६८ लाख परिवारको गणना भएको अवस्था छ जुन २०६८ सालको जनगणना अनुसार प्रक्षेपण गरिएको करिव नजिक रहेको छ । अनुमानित जनसंख्यामा केही तलमाथि भए पनि अनुमानित जनसंख्या करिव ३ करोडको नजिक पुग्ने अनुमान गर्न सकिन्छ ।

९. राष्ट्रिय जनगणनाको स्वतन्त्ररुपमा पर्यवेक्षण गर्नको लागि युएनएफपिएको अनुरोधमा युनएफपिए ब्रिटिस एम्बासी र जनसंख्या अध्ययन शास्त्र केन्द्रीय विभागका करिव २५ जना र कर्णाली एकीकृत ग्रामिण विकास तथा अनुसन्धान केन्द्र मार्फत नागरिक स्तरको अवलोकन समितिका २५ जना गरी जम्मा जनाबाट पर्यवेक्षण भएको

१०. राष्ट्रिय योजना आयोगका उपाध्यक्ष,सदस्य, सचिवज्यू तथा सहसचिव र अन्न कर्मचारी लगायत अन्य मन्त्रालयका समेत गरी १०० जनाबाट केन्द्रीय अनुगमन तथा सुपरिवेक्षण कार्य भएको थियो भने प्रदेश तथा जिल्लामा प्रदेश प्रमुख/सचिव लगायत जिल्लाका प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख, मेयर, उपमेयर, वडा अध्यक्षहरुबाट जनगणना कार्यको अवलोकलन तथा अनुगमन भएको थियो ।

११. यस पटक यौनिक तथा लैंगिक समुदायका व्यक्ति तथा अपाङ्ता महासंघ तथा अन्य संघहरु मार्फत तालिममा सहजीकरण र गणना कार्यको अनुगमन भएको थियो । नागरिक समाजको तर्फबाट स्वतस्फुर्त अनुगमन भएका थिए भने गणक तथा सुपरिवेक्षकले सामाजिक सञ्जाल मार्फत व्यापक प्रचार प्रसार र सञ्जाल मार्फत कामका विषयमा सेयर र छलफल गरेका थिए ।

१२. प्रदेश तथा जिल्ला जनगणना कार्यालय र स्थानीय जनगणना कार्यालयका कर्मचारीहरुले गणनाको अवधिमा सामूहिक छलफल तथा अन्तर्क्रिया गरी जनगणनाको गुणस्तर सुनिश्चित गरेका छन् ।

१३ दुरसञ्चार प्राधिकरण मार्फत नेपाल टेलिकम, एनसेल, स्मार्ट टेलिफोनले जनगणना अवधिमा जनगणनाको सन्देश कलर ब्याक रिङ्ग टोन निशुल्करुपमा सञ्चालन गरिदिएका थिए। यसले जनगणनाको सन्देश आम नागरिक समक्ष सहजरुपमा पुगेको अनुमान गर्न सकिन्छ ।

धन्यवाद ।

केन्द्रीय तथ्याङ्क विभाग

मितिः २०७८।८।१०